# प्रेस विज्ञप्ति- २३५

# Press Release-235

लागू औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ

मिति: २०७५।०८।२५ गते।

## लागू औषध सहित ६ जना मानिस पक्राउ

मिति २०७५/०८/२३ गते लागू औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा जिल्ला पर्सा पकाह मैनपुर गा.पा.वडा नं. २ बस्ने बर्ष १९ को सुवास सहनीलाई **नियन्त्रित मनोद्विपक लागू औषध डाईजेल्याब- २०० एम्पुल, बुप्रेनुर्फिन-२०० एम्पुल र फेनारगन-२०० एम्पुल** सहित का.म.न.पा.वडा नं. १४ बल्खुबाट पक्राउ परेकोमा अनुसन्धान गर्दै जाँदा उक्त लागू औषध कोरोबारमा संलग्न जिल्ला बारा सिमौनगढ न.पा.वडा नं. ७ बस्ने बर्ष २४ कि पुनम कुमारी सहनी-१ र जिल्ला पर्सा पकाह मैनपुर गा.पा.वडा नं. २ बस्ने बर्ष २० को नरेश सहनी-१ समेत जना २ लाई लागू औषध नियन्त्रण व्यूरोको टोलीले वीरगंजबाट पक्राउ गरी यस कार्यालयमा ल्याई म्याद थप गरी थप अनुसन्धान भईरहेको छ।

मिति २०७५।०८।२४ गते यस व्यूरोबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाको आधारमा भारत सितामढी नगर परिषद वडा नं. ६ जानकी स्थान रैन मुहल्ला चकम हिला सितामढि विहार घर भई हाल काठमाण्डौ ललितपुरका विभिन्न स्थानमा वेलुन बेच्दै हिड्ने बर्ष १९ को मोहम्मद तुफानलाई ललितपुर उ.म.न.पा.वडा नं. १२ मगंलबजारबाट **मनोद्विपक लागू औषध डाईजेल्याब -२०० एम्पुल बुप्रिनुर्फिन -२०० एम्पुल र फेनारगन -२०० एम्पुल तथा २०० फाईल अर्थात ३००० पिस नाईट्रोजेपाम ट्याब्लेट** सहित पक्राउ गरिएको छ।

त्यस्तै मिति २०७५।०८।२४ गते लागू औषध नियन्त्रण व्यूरो शाखा कार्यालय नेपालगंजबाट विशेष सूचनाको आधारमा जिल्ला सुर्खेत वीरेन्दरनगर न.पा.वडा नं.१० बस्ने बर्ष २६ को रमेश सिंह र ऐ वडा नं. ४ बस्ने बर्ष २७ को दिपक राना मगरलाई जिल्ला बाँके ने.ग.उ.न.पा वडा नं. १५ जमुनाह चोकबाट **लागू औषध खैरो हेरोईन १२ ग्राम** सहित प्रकाउ गरी आवश्यक अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय बाँकेमा बुझाईएको छ।

**निजहरु उपर आवश्यक अनुसन्धान कार्य भई रहेको व्यहोरा जानकारीको लागि अनुरोध ।**

•••

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com



नियन्त्रित
मनोद्विपक लागू
औषध

